annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ४२ पृष्ठ ८ | काठमाडौं, मंगलबार २७ जेठ २०८२ | जेष्ठ शुक्लपक्ष चतुर्दशी नेपाल संवत् ११४५ | TUESDAY, JUNE 10, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

ANNAPURNA MEDIA NETWORK
Drive Green, Breathe Clean
ANNAPURNA MEDIA NETWORK
UNITY FOR SUSTAINABILITY
Leading The Climate Change Dialogue
HYUNDAI
PRESENTS
ANNAPURNA MEDIA NETWORK
ev 2025
RALLY
Drive Green, Breathe Clean
IN ASSOCIATION WITH
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
POWERED BY
Curvv.ev SUV coupé
PROTON e.MAS
ATHER
DRIVEN BY
SKYWELL
SCAN FOR
FREE REGISTRATION
4
DAYS TO GO
LIVE STREAMING
8:00 AM ONWARDS
AP1 HD
annapurna annapurnapost.com
94.0 Radio Annapurna Nepal
ANNAPURNA POST
AMN-USA
MOBILITY PARTNER: inDrive
CLIMATE JUSTICE PARTNER: Save the Children
INSURANCE PARTNER: ओरिएण्टल इन्स्योरेन्स Oriental insurance
HOSPITALITY PARTNER: Hilton KATHMANDU
EDUCATION PARTNER: nami COLLEGE
ABROAD STUDY PARTNER: KIEC Education | Career | Migration
ZERO EMISSION PARTNER: NAMMI
EMPOWERED BY: fonepay
AIRLINES PARTNER: Yeti Airlines
REFRESHMENT PARTNER: Real Fruit Power
HYDRATION PARTNER: JALAPA Fresh HIMALAYA'S SPRING WATER "YOUR HEALTH IS OUR HEALTH"
TEA PARTNER: Ilam AROMA The symbol of quality
MEDICAL PARTNER: STAR HOSPITAL Compassionate care with comfort
INTERNET PARTNER: SUBISU
FOOD PARTNER: खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि.
GREEN PARTNER: साथसाथै iPPAN
SUSTAINABILITY PARTNER: avni Center for Sustainability
ENERGY PARTNER: Gham Power
SUPPORTED BY: ARKSH FOOD | WWF | THE BANKER Citizens Bank BANK OF THE YEAR 2024 | VOLTS HENREY VOLTS | Simrik Air | ZEEHO

कभर स्टोरी

# २४ वर्षमा ३३ आयोग

## आरक्षपीडितका समस्या जस्ताको तस्तै



सरकारले २०३१ सालमा १५५ वर्ग किलोमिटर क्षेत्र समेटेर शुक्लाफाँटा वन्यजन्तु आरक्ष स्थापना गरेको थियो । यसको ६ वर्षपछि आरक्षको पूर्वी सेक्टर बस्ती भएको क्षेत्रमा १५० वर्ग किलोमिटर क्षेत्र थपेर आरक्ष विस्तार गऱ्यो र शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज बनाइयो । निकुञ्ज विस्तारको काम २०५८ सम्म चल्यो । यसै क्रममा जग्गाधनी पुर्जा भएकालाई सरकारले सट्टा भर्ना दियो । ऐलानी जग्गा भएकाको व्यवस्थापन हुन सकेन । यसका लागि विभिन्न समयमा ३३ वटा आयोग बने पनि पीडितका समस्या समाधान हुन सकेनन् । २ हजार ४ सय ७३ परिवार विस्थापित छन् ।

**महादेव अवस्थी** | *महेन्द्रनगर*

**– को रिपोर्ट**

समाचार पृष्ठ २

# ऋण दिने भन्दै व्यवसायीसँग घुस उठाउँदै

## नेपाल बैंकका पूर्वअध्यक्षविरुद्ध अख्तियारले हाल्यो मुद्दा

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

नेपाल बैंक लिमिटेडका तत्कालीन अध्यक्ष डा. चन्द्रबहादुर अधिकारीले ऋण उपलब्ध गराइदिने भन्दै व्यवसायीसँग घुस लिने गरेको तथ्य बाहिर आएको छ। भुसाल हस्पिटालिटीअन्तर्गत र्‍याडिसन प्रोजेक्ट, हिमाल-तराई कन्स्ट्रक्सन प्रालि, अकलादेवी ट्रेडर्ससँग डा. अधिकारीले ऋण दिलाउन सहजीकरण गरिदिन्छु भनी घुस लिएको पाइएको छ।

तत्कालीन अध्यक्ष डा. अधिकारीसहित घुस उपलब्ध गराउने व्यवसायीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तीन फरकफरक मुद्दा दायर गरेको छ। विशेष अदालतमा दायर गरिएको आरोपपत्रमा तीनवटा कम्पनीबाट डा. अधिकारीले ७४ लाख घुस लिइएको देखिएको छ।



डा. चन्द्रबहादुर अधिकारी

**१ अर्ब ७७ करोड २९ लाख ऋण दिन १९ लाख घुस**

अध्यक्ष अधिकारीले भुसाल हस्पिटालिटीलाई ऋण उपलब्ध गराउन सहजीकरण गरिदिन्छु भनी बालकृष्ण भुसाल, अमृत भुसाल र अंकित भुसालसँग १९ लाख घुस लिएको अनुसन्धानमा देखिएको छ। रुपन्देही सिद्धार्थनगर १ बेलहियामा रहेको भुसाल हस्पिटालिटीअन्तर्गत र्‍याडिसन प्रोजेक्टले १ अर्ब ७७ करोड २९ लाख ८६ हजार ७६६ ऋण लिन नेपाल बैंक लिमिटेड प्रधान कार्यालयमा कागजात पेस गरी प्रक्रिया अगाडि बढाइएको अनुसन्धानमा देखिएको छ।

बाँकी पृष्ठ ६

# लस एन्जलसमा प्रदर्शन

**लस एन्जेलस** (एजेन्सी) : अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हालै क्यालिफोर्नियाका गभर्नर ग्याभिन न्युसमको अनुमतिबिना लस एन्जलसमा करिब २ हजार नेसनल गार्ड परिचालन गरेका छन्। यो कदम उनीहरूले हालै सुरु गरेको आप्रवासीविरोधी अभियान र आईसीईको छापा मार्ने क्रममा गरिएको थियो। ट्रम्प प्रशासनले यो आदेश अमेरिकी कानुन (टाइटल १०) अनुसार जारी गरेको बताइएको छ।

यस निर्णयले लस एन्जलसमा तीन दिनसम्म चलेको भारी विरोध प्रदर्शनलाई झन् उकासिदिएको छ। आईसीईले छापा मार्ने क्रममा झडप र गिरफ्तारीमा ११८ भन्दा बढी मानिस पक्राउ परेका थिए। यसको विरोधमा नागरिक सडकमा निस्किएका थिए।

गभर्नर ग्याभिन न्युसमले यस कदमलाई 'अवैध' भन्दै कडा निन्दा गरेका छन्। 'अस्वीकार्य राज्य सम्प्रभुताको उल्लंघन' भन्दै उनले ट्रम्प प्रशासनलाई यो आदेश फिर्ता लिन औपचारिक आग्रह गरेका छन्। लस एन्जलसकी मेयर क्यारेन बासले पनि प्रदर्शनकारीलाई नियन्त्रण गर्न गरिएको यस कदमको विरोध गरेकी छन्।

# मधेसको शिक्षालाई बजेटै छैन

**मनिका झा** | *जनकपुरधाम*

मधेस प्रदेशमा कुल जनसंख्याको ५० प्रतिशतभन्दा बढी जनसंख्या निरक्षर छ। राष्ट्रिय जनगणनाको तथ्यांकअनुसार कुल जनसंख्याको ५०.५ प्रतिशत निरक्षर छन्। ४९.५ प्रतिशत जनसंख्यामात्रै साक्षर रहेको प्रदेशमा प्रदेश सरकारले शिक्षालाई मुख्य प्राथमिकतामा राखेर बजेट विनियोजन गर्नुपर्ने हो तर, अवस्था विपरीत छ। मधेस प्रदेशको शिक्षा तथा संस्कृति मन्त्रालयको चालु आर्थिक वर्षको बजेट प्रदेशको कुल बजेटको करिब ६ प्रतिशतमात्रै छ। त्यसमा पनि शिक्षासँगै संस्कृति मन्त्रालय जोडिएको हुनाले अधिकांश योजनाहरू संस्कृति संरक्षणमै राखिएको छ। शिक्षालाई खासै ध्यान दिइएको छैन।

शिक्षा मन्त्रालयको दोस्रो आवधिक योजनाले तय गरेको लक्ष्य प्राप्ति अवस्थाअनुसार २०७५/७६ लाई आधार वर्ष मानेर सो बेलाको साक्षरता दर (५ वर्ष वा सोभन्दा माथिको) ४९.५ प्रतिशत थियो। जसलाई २०७९/८० सम्म ९६ प्रतिशत बढाउने लक्ष्य लिइएको थियो। तर, २०७९/८० सम्मको प्रगतिमात्र ६३.५ प्रतिशत छ। मन्त्रालयले २०८०/८१ को लक्ष्य ९७ प्रतिशत साक्षरता दर पुऱ्याउने राखे पनि बजेट विनियोजन सोअनुसारले भएको छैन।




AMN EV RALLY
2025

प्रदेशभरि विद्यालय छाड्ने दर (आधारभूत) तहमा २०७५/७६ मा ३.९ प्रतिशत थियो। जसलाई कम गरेर २०७९/८० सम्म २.२ प्रतिशतमा छाड्ने लक्ष्य मन्त्रालयले राख्यो तर, २०७९/८० मा विद्यालय छाड्ने दर कम गर्न केही कार्य नै भएन र त्यसको तथ्यांकसमेत शिक्षा मन्त्रालयमा छैन। सरकारले २०८०/८१ मा यो दर एक प्रतिशतमा पुऱ्याउने लक्ष्य लिएको थियो तर, हालसम्म प्रगति के भएको हो त्यसबारे जानकारी गराइएको छैन।

त्यसैगरी, प्रदेशको आठै जिल्लामा सिकाइ दर (आधारभूत कक्षा ८) सम्म २०७५।७६ सम्म ४० प्रतिशत थियो।

बाँकी पृष्ठ ६